अनुसूची - २

(दफा ११ (४) संग सम्बन्धित)

**लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन**

**आपसी सहयोग वचत तथा ऋण सहकारी संस्था लि., वालुवाटार, काठमाडौं**

**आ.व. २०७९/८०**

१. **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**

मिति २०७९/०९/०९ मा सम्पन्न ३१औं वार्षिक साधारण सभाले आ.व.२०७८/७९ सालको लेखापरिक्षण प्रतिवेदन, विंत्तीय विवरणका साथै आ.व.२०७९/८० सालको बजेट तथा वार्षिक कार्यक्रम पारित गरेको, आ.व.२०७८/७९ सालको मुनाफाबाट १३.०० प्रतिशत लाभांश पारित गरी वितरण गर्ने निर्णय गरेको, आर्थिक वर्ष २०७९/८० को वाह्य लेखापरीक्षणका लागि आर. पोखरेल एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री रवि पोखरेललाई नियुक्त गरी रु.५० हजार पारिश्रमिक दिने निर्णय गरेको देखिन्छ । साधारण सभाले निर्णय गरे बमोजिम कर्मचारी विनियमावली २०७९, लेखा निर्देशिका २०७९, कर्जा लगानी तथा असुली निर्देशिका २०७९, लेखापरीक्षण कार्यविधि २०७९, पारित गरी कार्यान्वयन गर्ने लगायत विभिन्न नीतिहरु संशोधन गरी कार्यान्वयन गरेको देखिन्छ ।

२. **संचालक समितिको आ.व. २०७९/८० सालमा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

आर्थिक वर्ष २०७९/८० मा संस्थाको संचालक समितिको जम्मा २१ वटा बैठकहरु बसेको पाइयो । उक्त बैठकहरुमा मुख्य रुपमा शेयर लाभांश कोष र संरक्षित पुंजी फिर्ता कोष वितरण पश्चात बाँकी रहेको रकम साधारण जगेडा कोषमा रकमान्तर गर्ने, वित्तीय श्रोत व्यवस्थापन गर्ने, ऋण असुली थप प्रभावकारी वनाउने, संस्थाको रकम लगानी गर्ने, सम्पत्ती खरिद अनुमोदन गर्ने, QR कोड सेवा थप लिने, शेयरधनी सदस्यले सदस्यता परित्याग गरेको अनुमोदन र नयाँ सदस्यहरु थप गर्ने निर्णय र थप शेयर अनुमोदन गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु गरी कार्यान्वयनमा ल्याएको पाइयो ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थाबाट सदस्यहरुलाई लगानीमा रहेको सामाजिक कर्जा, रु.३ लाखसम्मको, सहयोगी कर्जा, रु.४ लाखसम्मको (१ बर्षे), अल्पकालीन कर्जा र सरल कर्जा रु.६/६ लाखसम्मको (६ महिने) लगानीमा रहेको देखियो । उपरोक्त कर्जाहरु नियमित बचत गरेको र शेयरधनीहरुको जमानीको आधारमा सदस्यसंग तमसुक वनाइ कर्जा प्रवाह गर्ने गरिएको छ । सरल कर्जा, सामाजिक कर्जा र सहयोगी कर्जाको व्याजदर अल्पकालिन कर्जाको तुलनामा केही कम रहेको छ भने सम्पुर्ण कर्जाको व्यवस्थापन शुल्क ०.५ प्रतिशत कायम गरेको देखिन्छ । सम्पुर्ण कर्जाहरु सामूहिक जमानत तथा सदस्यको बचतको धितोमा तथा सरल कर्जाको हकमा कर्जा भुक्तानी गर्ने अवधिको चेक धितो राखी मात्र कर्जा प्रवाह गर्ने कार्यहरु गत वर्षकै व्यवस्था अनुसार रहेको । सामान्यतया कर्जा प्रबाह गर्दा एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गर्ने गरेको भए पनि अति जरुरी अवस्थामा ऋणीको व्यवहारिकतालाई हेरेर निजबाट निवेदन लिई बियरर चेकबाटै पनि भुक्तानी दिने गरेको देखियो । साथै, ऋण लगानी सम्बन्धमा सहकारीको मापदण्ड तथा संस्थाको ऋण लगानी तथा कर्जा असुली निर्देशिकाको पालना भएको देखिन्छ ।



आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड * काठमाडौं *

**कर्मचारी प्रशासन सम्बन्धी :**

कर्मचारीहरुको तलब २०७९ साउन १ गतेदेखि पुनरावलोकन गर्ने, सहायक व्यवस्थापक र सहायक कर्मचारी १ समेत २ जनाको करार अवधी थप गर्ने जस्ता निर्णय कार्यान्वयनमा ल्याएको देखिन्छ ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :**

सहकारी विभागवाट जारी गरिएको बचत परिचालन, ऋण लगानी सम्वन्धी अधिकांश मापदण्डहरु पालना गरेको देखिन्छ ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :**

सहकारी विभाग र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघबाट समय समयमा भएको अनुगमन तथा निरिक्षणबाट प्राप्त सुझावहरुलाई संचालक समितिले छलफल र कार्यान्वयन गरेको पाइयो ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :**

६.१ पारिश्रमिक : छैन ।

६.२ भत्ता : छैन ।

६.३ अन्य सुविधाहरु : संचालक समिति, लेखा सुपरीवेक्षण समिति र ऋण उप समिति र शिक्षा उप समितिको बैठक वसेको दिनको खाजा खर्च तथा बैठक भत्ता संस्थाले उपलब्ध गराउने गत वर्षको परम्परा यथावत रहेको छ । कोषाध्यक्षलाई खाजा तथा परिवहन खर्च वापत मासिक रु.२,०००।०० (अक्षरेपि दुई हजार मात्र) प्रदान गर्ने व्यवस्था यथावत रहेको छ । आर्थिक वर्ष २०७५/७६ देखि लागु हुने गरी संचालक समितिका पदाधिकारीहरुलाई मासिक रु.१,५००।०० र अन्य सदस्यहरु तथा लेखा समितिका सदस्यहरु र ऋण उपसमितिका सदस्यहरुलाई मासिक रु.५००।०० मोवाईल रिचार्ज खर्च प्रदान गर्ने निर्णय बमोजिम हालसम्म पनि सो खर्च प्रदान भईरहेको देखिन्छ ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : भएको ।

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याइएको ।

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको

७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको : रहेको ।

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : नेपाल राष्ट्र बैंकमा २३ वर्ष तथा सहकारीमा १८ वर्षको कार्य अनुभव भएको र कार्यक्षमता सन्तोषजनक रहेको ।

७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या देहाय बमोजिम छन् :

७.६.१ करार : २ जना ।

७.६.२ अस्थायी : छैन ।

७.६.३ स्थायी : २ जना ।

८. **लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :**

गत वर्ष दिइएका अधिकांश सुझावहरु कार्यान्वय भएको पाइयो । तर नियमित नभएका कर्जाको असुली प्रकृयालाई थप प्रभावकारी बनाउनु पर्ने गत वर्षको प्रतिवेदनको सुझाव यो प्रतिवेदनमा पनि यथावत रहेको छ । साथै, कर्जा नोक्सानी व्यवस्थालाई System Software तयार गरी Auto Generate गर्ने व्यवस्था गर्नुपर्ने विगतको सुझाव यो प्रतिवदेनमा पनि यथावत छ ।

९. **लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

- लामो समयदेखि भाखा नाघेका कर्जा असुली सम्बन्धी निर्णय गर्दा त्यस्ता कर्जाहरुको बाँकी सावाँ, ब्याज, हर्जाना, ऋणीको नाम, जमानतकर्ताको नाम आदि सहितको पूरा विवरण तयार गरी सञ्चालक समितिमा छलफल गर्नुपर्ने देखिन्छ ।
- संस्थाको दैनिक कारोबार तथा कर्जा प्रक्रियाका विभिन्न चरणहरुमा ध्यान पुर्‍याउनुपर्ने विषयमा कर्मचारीहरुको दक्षता अभिवृद्दि गर्न अभिमुखीकरण तालिमको आयोजना गर्न आवश्यक देखिन्छ ।
- संस्थाको भल्टमा रहने रकमको जोखिम कभर गर्ने नीति रहेको नदेखिएकोले सो विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **लेखा समितिको सुझावहरु :**

- संस्थामा धेरै पुराना बक्यौता कर्जाहरुमा कमी आएको कारणले समग्र खराबकर्जाको अंश विगत आर्थिक वर्षको भन्दा घटेको तर लामो समय देखिको केही खराबकर्जा हालसम्म पनि असुली भएको नदेखिएकोले खराबकर्जा असुली कार्य प्रभावकारी बनाउनु पर्ने ।
- संस्थाको विभिन्न समिति तथा उप समितिहरुमा मनोनयन तथा नियुक्ति गर्दा प्रचलित विनियमावली बमोजिम हुने गरी र स्वार्थको द्वन्द नहुने गरी नियुक्ति तथा मनोनयन गर्नपर्ने ।
- संस्थाका ऋणी तथा बचतकर्ता सदस्यहरुले आफ्नो साँवा, ब्याज, मासिक बचत र अन्य रकम Online Payment गर्न संस्थाको कार्यालयमा Powerful WIFI को व्यवस्था मिलाउनु पर्ने ।
- कर्जा नोक्सानी ब्यवस्था खर्च हुँदा खर्च शीर्षकमा र Provision write back गर्दा आम्दानी शीर्षकमा देखाइनु पर्ने ।

(रमेश पौडेल)
सदस्य

(लेखनाथ दहाल)
सदस्य

(राजन प्रसाद रेग्मी)
संयोजक